नगर प्रमुख : ५२१७४३
उप-प्रमुख :५२०८७४
प्रमुखप्रशासकीयअधिकृत : ५२०४२९ का.
फ्याक्स : ५२११२९
दमकल : ०९१५२२१०७वा१०१

# धनगढीउप–महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
धनगढी, कैलाली,सुदूर पशिचमप्रदेश, नेपाल ।

२०७५/१०/१६
जनकि सिंह उखेडा
शाखा अधिकृत

युवा प्रतिभा पहिचान कार्यक्रममा सहभागिताका लागि निवेदन दिने सूचना
(पहिलो पटक प्रकाशित मिति: २०७५/१०/१७)

प्रदेश सरकार, सुदूर पश्चिम प्रदेश सामाजिक विकास मन्त्रालय युवा तथा खेलकुद महाशाखाको च.न. ९७९, मिति २०७५/०९/२० गतेको पत्रानुसार राष्ट्रिय युवा परिषदको आ.ब.२०७५/०७६ को स्वीकृत वार्षिक कार्यक्रम युवा प्रतिभा तथा उद्यमीको खोजी र उनीहरुको कार्यलाई पोत्साहन अन्तर्गत स्थानीय स्तरमा युवा प्रतिभा पहिचान कार्यक्रम अन्तर्गत आफुले सञ्चालन गरेको उद्यम/व्यवसायको विस्तृत प्रस्तुतिकरण सहित प्रतियोगितामा सहभागी हुनको लागि १६ देखि ४० बर्ष उमेर समुहमा पर्ने इच्छुक युवाले यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र यस कार्यालयमा देहाय अनुसार आवेदन दिन हुनका लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. उद्यम/व्यवसायको विस्तृत प्रस्तुतिकरण प्रतियोगिता मा आवेदन गर्ने सम्बन्धी जानकारी :

क) पेश गर्नु पर्ने कागजातहरुः- नेपाली नागरिकता प्रमाणपत्रको प्रमाणित पतिलिति,आफूले तयार गरेको उद्यम/व्यवसायको विस्तृत प्रस्तुतिकरण को सफ्ट तथा हार्ड प्रति ।

ख) उद्यम/व्यवसायको विस्तृत प्रस्तुतिकरण पेश गर्ने तरिका :- सम्पर्क विवरण खुलेको निवेदनका साथमा प्रतियोगीको हस्ताक्षरबाट प्रमाणित गरेको नेपाली भाषामा लेखिएको प्रस्तुतिकरण पेश गर्नु पर्ने ।

ग) पेश गनुपर्ने स्थान र मितिः- धनगढी उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय धनगढी, कैलाली ।

घ) स्थानीय स्तरको प्रतियोगितामा प्रथम हुने एक जना प्रतियोगीलाई प्रदेशस्तरको प्रतियोगितामा सहभागिता गराइने ।

ङ) प्रदेश स्तरको प्रतियोगितामा प्रथम, द्बितिय, तृतिय र सान्त्वना स्थान प्राप्त गर्ने प्रतियोगिलाई प्रदेश सरकार, सुदूर पश्चिम प्रदेश सामाजिक विकास मन्त्रालयद्धारा नगद पुरस्कार तथा तथा प्रमाणपत्रको व्यवस्था गरिने छ ।

च) उद्यम/व्यवसायको विस्तृत प्रस्तुतिकरण उद्यमी स्वयंले टाईप गरी प्रत्येक पानामा दस्तखत गरी नगरपालिकामा बुझाउनु पर्नेछ । साथै प्रस्तुतिकरणको सारांश प्रस्तुत गर्नु पर्नेछ ।

छ) म्याद नाघी आएको प्रस्तुतिकरण स्वीकार गरिने छैन ।

२. प्रतियोगिता सञ्चालन हुने मिति, समय र स्थानः

- मितिः २०७५/१०/२३
- समयः अपरान्ह १:३० बजे
- स्थानः धनगढी उपमहानगरपालिका भवन

Scanned by CamScanner